साकेला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, खोटाङ

# विनियोजन ऐन

२०८०

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति : | २०८० आषाढ १० गते |

## साकेला गाउँपालिकाको आर्थिक बर्ष २०८०/२०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः**

साकेला गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम साकेला गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**साकेला गाउँपालिकाको विनियोजन ऐन, २०८०**" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष **२०८०/०८१** को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थापन खर्च रकम समेत गरी जम्मा रकम **रु ३३,८८,८१,००० (अक्षरेपी तेतीस करोड अठासी लाख एकासी हजार रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष **२०८०/०८१** को निमित्त साकेला गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी

रबि प्रकाश राई
अध्यक्ष

शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ (पच्चिस) प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

**४. योजनामा स्वत: बजेट रहने र चालु आर्थिक वर्षमा खर्च भई बाँकी रहने बजेट सम्बन्धी विशेष व्यवस्था :** चालु आर्थिक वर्षमा सम्झौता भई पेश्की समेत भुक्तानी भइसकेका र विशेष कारणले योजना सम्पन्न नभई भुक्तानी हुन नसकेका योजनाहरूको विषयमा जुन शीर्षकमा बजेट विनियोजन भई फरफारक हुन बाँकी रहेको हो सोही योजना स्वत: कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने तथा चालु आर्थिक वर्ष २०८०/८१ मा पूँजिगत तर्फका विभिन्न योजनामा प्राविधिकको कम मूल्यांकन भई बाँकी हुन आउने रकम तथा प्रशासनिक खर्च भई बाँकी हुन आउने रकममध्ये आगामी आर्थिक वर्षका लागि तय गरिएको सिलिङमा राखिएको आघिल्लो वर्षको मौज्दातभन्दा बढि हुन आउने रकम सामाजिक, आर्थिक तथा पूर्वाधार विकास विशेष कार्यक्रममा खर्च गर्न बाधा पर्ने छैन ।

**५. विषयगत बजेट कार्यान्वयन :** वडागत सिलिङबाट विनियोजन भएको विषयगत बजेटको हकमा सम्बन्धित वडाको समन्वयमा, संघ र प्रदेश सरकारबाट हस्तान्तरण भएको सशर्त र विशेष अनुदान रकमको हकमा कानून बमोजिम सम्बन्धित विषयगत शाखाबाट कार्यक्रम तय गरी स्वीकृत गरेर मात्र कार्यान्वयन गरिनेछ ।

**६. खर्च गर्नमा बाधा नपर्ने:** गाउँपालिकाभित्र संघीय सरकार र प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान र गाउँपालिकाको स्रोतबाट साझेदारीमा सञ्चालन हुने योजनाका लागि कानूनको परिधिभित्र रहेर योजना कार्यान्वयन भई बाँकी हुन आउने रकम सो आर्थिक वर्षभरी आवश्यक प्रकृया अपनाई सोही योजनामा खर्च गर्न बाधा पर्ने छैन ।

रविप्रकाश राई
अध्यक्ष

**साकेला गाउँपालिकाको गाउँसभाबाट मिति २०८०/०३/१० मा पारित आर्थिक विधेयक नियमानुसार प्रमाणित गर्दछु ।**

**रवि प्रकाश राई**
**अध्यक्ष**

**मितिः- २०८०/०३/१०**

अनुसूचि-१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

रकम (रु. )

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| १ | | गाउँ कार्यपालिका | ६४३३२000/- | ७५१९४000/- | 0 | १३९५२६000/- | |
| २ | | बिषयगत शाखा (संघ, प्रदेशबाट हस्तान्तरित) | १५५0२५000/- | ४४३30000/ | 0 | १९९३५५000/- | सशर्त, समानीकरण र साना सिंचाई साझेदारी समेत |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | 0 | 0 | 0 | 0 | |
| ४ | | अल्या | 0 | 0 | 0 | | |
| जम्मा | | | २१९३५७000/- | ११९५२४000/- | | ३३८८१000/- | |

**रवि प्रकाश राई**
**अध्यक्ष**